बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# मानिस जो निहुरिन मानेनन्

लेखन: Edward Hughes

चित्र: Jonathan Hay

संयोजन: Mary-Anne S.

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2015 Bible for Children, Inc.

अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

राजा नबूकदनेसर राजाले एउटा सुनको मूर्ति बनाए। त्यो षिरदेखि पैंतालासम्म सुनको थियो। उनको सुनको राज्य सदा रहनेछैन भनी सायद उनले बिसेका थिए। हुनसक्छ यदि मैले पूरै सुनको मूर्ति बनाए भने त्यसपछि सपना भएको परमेष्वरको वचन कहिल्यै पूरा हुँदैन।



राजाको एक चाकरले सबै मानिसहरूको अघि उर्दी पढ़े, “...तिमीहरूले घोप्टो परेर सुनको मूर्तिलाई दण्डवत् गर्नुपर्छ... औ घोप्टो परेर दण्डवत् नगर्ने जति चाहिँ उŸि◌◌ाखेरै दन्केको आगोको भट्टीमा हालिदिइनेछ।”



तीन मानिसहरू बाहेक सबैले राजाको हुकूम अनुसार गरे जोहरू हिब्रूहरू थिए। तिनीहरू षद्रक, मेषक अनि अबेद्नगो जोहरू दानियलको मित्रहरू थिए। त्यस समय दानियल त्यहाँ थिएनन्, त्यहाँ भएको भए साँच्चैनै तिनले पनि मानिसले बनाएको मूर्तिलाई इन्कार गर्थे।



राजाले दानियल अनि तिनको मित्रहरूलाई मनपराएको कारण राजाको ज्ञानी मानिसहरूले ईश्र्या गर्थे। यसैले तिनीहरूले भने, “यहाँ कोही यहूदीहरू छन् जसलाई हजूरले बाबेलका प्रान्तको षासनको काममा नियुक्त गर्नुभएको छ-षद्रक, मेषक र अबेद्नगो। हे महाराज, यी मानिसहरू हजूकको हुकूमको वास्ता गर्दैनन्। तिनीहरू हजूरका देवताको सेवा गर्दैनन्।”





राजा नबूकदनेसर रीसले चूर भएर तिनीहरूलाई चेताउनी दिए, “यदि दण्डवत् गरेनौ भनेता तिमीहरू उतिखेरै दन्केको आगोको भट्टीमा हालिनेछौ, र कुन देवताले तिमीहरूलाई मेरो हातबाट बचाउनसक्ला?”

राजाले ठूलो भूल गरिरहेको थियो। उनले जिउँदो परमेष्वरलाई चुनौती दिइरहेको थियो। ती तीन हिब्रू मानिसहरूलाई थाह थियो कि मूर्तिलाई दण्डवत् गर्नु परमेष्वरको आज्ञाको विरूद्ध थियो। तिनीहरू स्थिर रहे कारण तिनीहरूले परमेष्वरमा भरोसा गरेका थिए, यसैले तिनीहरू
राजासंग डराएनन्।



ती तीन साहसी मानिसहरूमा राजाको लागि उतर थियो। तिनीहरूले भने, “हामीलाई आगोको भट्टीबाट बचाउनसक्ने हामीले सेवा गरेका परमेष्वरनै हुनुहुन्छ। तर त्यसो भएन भने पनि, हे महाराज, यो कुरो थाह होस्, कि हामी हजूरका देवताहरूको सेवा गर्नेछैनौं, अथवा हजूले खड़ा गर्नुभएको यस सुनको मूर्तिलाई हामी दण्डवत् गर्नेछैनौं।”



राजा नबूकदनेसर रीसले चूर भए अनि सधैंको भन्दा सात गुणा बेसी तातो पार्न लगाए। ती मानिसहरूले अझै घोप्टो परेर दण्डवत् गरेनन्।



तब बलिया मानिसलाई षद्रक, मेषक र अबेद्‌नगोलाई बाँधेर त्यस दन्केको आगोको भट्टीमा हालिदिने हुकूम गरे।



भट्टी असाध्य तातो भएको हुनाले षद्रक मेषक र अबेद्नगोलाई लाने मानिस आगोको ज्वालाले भेटेर भस्म भए।



ती तीन जनालाई आगोको भट्टीमा हाल्दै गरेका राजाले टाड़ाबाट हेरिरहे। तर उनले सबै कुरा देखेनन्।



राजा नबूकदनेसर छक्क परे! “के हामीले आगोमा तीन जनालाई बाँधेर हालेका होइनौं?” भनी सल्लाहकारहरूलाई सोधे।



तिनीहरूले जवाफ दिए, “हो महाराज!” उनले भने, “तर हेर, चार जना मानिसहरू पो स्वतन्त्र भएर आगोमा हिँड़िरहेका छन्, औ तिनीहरूलाई केही हानि भएको देखिँदैन! औ चैथोको अनुहारचाहिँ एक ईष्वरजस्तै देखिन्छ।”

आगोको भट्टीको नजीक आएर
भने, “हे षद्रक, मेषक र अबेद्नगो,
सर्वोच्च परमेष्वरका सेवक हो,
निस्केर आऊ।” तब षद्रक,
मेषक र अबेद्नगो
आगोबाट
निस्केर
आए।



ती तीन हिब्रूहरूलाई केही नभएको हेर्नलाई सबै मानिसहरू जम्मा भए। तिनीहरूलाई आगोको षक्तिले केही पनि गरेका थिएनन्। तिनीहरूका कपालका केष पनि खह्रिएको थिएन अनि तिनीहरूका दौरालाई पनि आगोले छोएको थिएन र तिनीहरूमा आगोको गन्धसम्म पनि पाइएन।



के भएको थियो सो पष्चातापी भई राजाले बुद्धिमानी भई एक कदम चाले। उनले प्रार्थना गरे अनि भेन, “षद्रक, मेषक र अबेद्नगोका परमेष्वर धन्यका होऊन्, जसले उहाँमाथि विष्वास गर्ने अनि आफ्ना दासहरूलाई बचाउन आफ्ना स्वर्गदूतहरू पठाउनुभयो।”



# मानिस जो निहुरिन मानेनन्

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## दानियल 3

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६